श्री ५ को सरकार

## मन्त्रीपरिषद् सचिवालयको

### सूचना

मन्त्रीपरिषद् सचिवालय (प्रधानमन्त्रीको कार्यालय) को रिक्त सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शिक्षा सेवाको राजपत्रांकित प्रथम श्रेणीका डा. श्री दिव्यदेव भट्टलाई मिति २०३४।८।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रीपरिषद् सचिवालयको

### सूचना

पर्यटन मन्त्रालयका सचिव श्री गोरक्षबहादुर न्हुछे प्रधान कोलम्बो योजना परामर्शदातृ समितिको छब्बीसौं बैठक संचालनको लागि उक्त बैठकको तयारी समितिमा काजमा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री मधुसूदन ढकाललाई मिति २०३४।८।५ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार